# भक्तपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर-२

## घरजग्गा कर तथा नक्सा पास दस्तुरमा छुटसम्बन्धी भक्तपुर नगरपालिकाको सूचना

आ.व. २०७३/०७४ देखि घरजग्गा करको रकम वृद्धि भई कर तिर्न समस्या परेको भनी नगरवासीहरुबाट पटक पटक व्यक्त भएको गुनासोसमेतलाई मध्यनजर गरी भक्तपुर नगरभित्रका सबै घरधनी नगरवासीहरुलाई घरजग्गा करको दायरामा ल्याई नगरको सरसफाइ तथा विकास निर्माणमा योगदान पुऱ्याउन यस भक्तपुर नगरपालिकाको प्रथम नगरसभाबाट यसै आ.व. २०७४/०७५ देखि लागू हुने गरी प्रत्येक आ.व. को घरजग्गा कर सोही आ.व. मा बुझाउनेको हकमा लाग्ने करको ५० प्रतिशत छुट दिने निर्णय भएकोले हरेक वर्षको घरजग्गा कर सोही वर्षमा बुझाई छुटको सुविधा उपयोग गर्न नगरवासीहरुमा नगरपालिका पुनः अनुरोध गर्दछ ।

साथै भूकम्पपीडितको घर नक्सापासमा सम्बन्धित कित्तामा घर बनाउँदा मात्र दिइएको छुट सुविधामा सम्बन्धित कित्ताका धनीहरु भिन्न भई नगरका अरु स्थानमा छुट्टाछुट्टै घर बनाएको हकमा समेत साविक क्षेत्रफलका आधारमा एकपटकको लागि उल्लेखित नक्सा पास दस्तुरमा छुट दिने निर्णय भएको व्यहोरासमेत सम्बन्धित नगरवासीहरुको जानकारीको लागि पुनः अनुरोध गरिएको छ ।

पुनश्चः उल्लेखित घरजग्गा करको छुट सुविधा घर र जग्गाको सरकारी मूल्याङ्कनको जोडबाट आउने कूल मूल्यमा ४ करोडसम्म मूल्य भएका घरधनीलाई मात्र प्रदान गरिएको साथै हरेक आर्थिक वर्षको कर सोही वर्ष नबुझाए छुट सुविधासमेत प्राप्त नहुने अझ थप १०% हर्जानासमेत लाग्ने भएकोले प्रत्येक वर्षको घर जग्गा कर आ-आफ्नो वडा कार्यालयमा सम्पर्क गरी बुझाउन हुन अनुरोध गरिन्छ ।